# सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका, २०७१

नेपाल बैंक लिमिटेड
प्रधान कार्यालय
काठमाडौं, नेपाल

**मिति २०७१/७/२९ गते बसेको व्यवस्थापन समितिको ३४ औं बैठकबाट पारित**

(मिति २०८१/११/१८ सम्मको संशोधन सहित)

# नेपाल बैंक लिमिटेडको

# सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका, २०७१

**<u>प्रस्तावना</u> :** नेपाल बैंक लिमिटेडको सञ्चालकहरूको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले बैंकको नियमावलीको नियम ४९ (६) मा अन्तर्निहित अधिकारको प्रयोग गरी सञ्चालक समितिले "नेपाल बैंक लिमिटेडको सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका, २०७१" बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस निर्देशिकाको नाम "नेपाल बैंक लिमिटेडको सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका, २०७१" रहेको छ ।

(ख) यस निर्देशिका बैंकको सञ्चालक समितिले स्वीकृत गरेको मिति पछि लागू हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ समेतलाई जनाउँछ ।

(ख) "बैंक" भन्नाले नेपाल बैंक लिमिटेड सम्झनु पर्छ ।

(ग) "सञ्चालक समिति" भन्नाले बैंकको सञ्चालक समितिलाई जनाउँछ ।

(घ) "अध्यक्ष" भन्नाले बैंकको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सञ्चालक" भन्नाले बैंकका बहालवाला सञ्चालक समितिका सदस्य सम्झनु पर्छ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले निर्वाचनको लागि सञ्चालक समितिद्वारा नियुक्त व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "मतदान अधिकृत" भन्नाले निर्वाचनको लागि निर्वाचन अधिकृतद्वारा नियुक्त व्यक्तिलाई सम्झनु पर्छ ।

(ज) "कर्मचारी" भन्नाले निर्वाचन कार्यका लागि खटिएका कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) "मतदाता" भन्नाले बैंकको शेयर प्रमाणपत्रको धनीलाई र निजले रीतपूर्वक मुकरर गरेको प्रतिनिधिलाई समेत सम्झनु पर्छ ।

(ञ) "मतपत्र" भन्नाले चुनावको लागि प्रयोग हुने मतपत्रलाई सम्झनुपर्छ ।

(ट) "नियमावली" भन्नाले बैंकको नियमावली (संशोधन समेत) लाई सम्झनु पर्दछ ।

(ठ) "प्रोक्सी" भन्नाले बैंकको शेयर धनीले आफ्नो सट्टामा रीतपूर्वक मुकरर गरेको प्रतिनिधिलाई सम्झनु पर्दछ ।

(ड) "शेयर" भन्नाले बैंकको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्दछ ।

(ढ) "शेयरधनी" भन्नाले बैंकको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(ण) "कम्पनी सचिव" भन्नाले बैंकको कम्पनी सचिव सम्झनु पर्छ ।

(त) "मतदान केन्द्र" भन्नाले निर्वाचन अधिकृतले मतदान गर्नको लागि तोकेको स्थानलाई सम्झनुपर्छ ।

(थ) "अनुसूची" भन्नाले यो निर्देशिकामा उल्लेखित अनुसूचीलाई सम्झनु पर्दछ ।

(द) "साधारण सभा" भन्नाले बैंकको शेयरधनीहरुको वार्षिक साधारण सभा र विशेष साधारण सभा सम्झनु पर्छ ।

## ३. निर्वाचन अधिकृतको नियुक्ति :

ऐन, बैंकको प्रवन्धपत्र, नियमावली तथा यस निर्देशिकाको अधीनमा रही बैकको सञ्चालकको निर्वाचन गर्ने प्रयोजनको लागि सञ्चालक समितिले बैंकको दैनिक कार्य सञ्चालनसँग प्रत्यक्ष रूपमा संलग्न नरहेका व्यक्ति वा संस्थालाई निर्वाचन अधिकृतको रूपमा नियुक्त गर्नेछ र निजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) निर्वाचन कार्यक्रम प्रकाशित गर्ने ।

(ख) मतदाता नामावली प्रकाशित गर्ने ।

(ग) मतदाता नामावलीमा दाबी, विरोध उपर छानबिन गरी निर्णय दिने ।

(घ) उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने ।

(ङ) उम्मेदवारको नामावली प्रकाशन गर्ने ।

(च) उम्मेदवारको विरोधमा उजुरी लिने ।

(छ) दाबी, विरोध उपर छानबिन गरी निर्णय दिने ।

(ज) उम्मेदवारको नाम फिर्ता दिने ।

(झ) उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने ।

(ञ) मतदान समय तोक्ने ।

(ट) मतपत्रमा सही गर्ने । (जसमा दस्तखतको रूपमा छाप प्रयोग गर्न सकिनेछ)

(ठ) मतपत्र गणना गर्ने ।

(ड) निर्वाचन परिणाम घोषणा गर्ने ।

(ढ) यस निर्देशिकामा उल्लेखित तथा भैपरी आउने अन्य काम गर्ने ।

## ४. निर्वाचन कार्यक्रम प्रकाशन गर्ने :

(क) निर्वाचन अधिकृतले मतदान केन्द्र, मतदान हुने मिति र मतदान हुने समय सहितको मतदान सम्बन्धी कार्यक्रम अनुसूची- १ को ढाँचामा निर्वाचन हुने मिति भन्दा ७ दिन अघि प्रकाशित गर्नेछ ।

## ५. मतदाता :

(क) बैंकको शेयरमा स्वामित्व भएको र सो शेयरको बैंकले माग गरेको रकम चुक्ता गरेको शेयरधनी मतदाता हुनेछन् ।

(ख) साझा गरी शेयर खरिद गरिएको अवस्थामा त्यस्तो शेयरधनीहरूद्वारा आफू मध्येबाट नियुक्त गरिएको शेयरधनीले वा निजले नियुक्त गरेका प्रतिनिधिले र सो बमोजिम कुनै शेयरधनी नियुक्त हुन नसकेकोमा बैंकले खडा गरेको शेयरधनीको दर्ता किताबमा दर्ता रहेका साझा शेयरधनीहरूमध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही शेयरधनीले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ ।

(ग) प्रोक्सी (प्रतिनिधि) नियुक्ति गर्दा बैंकको शेयरधनीलाई मात्र गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट प्रतिनिधि भई मतदान समेत गर्न पाउनेछ ।

(घ) प्रोक्सी (प्रतिनिधि) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

(ङ) प्रोक्सी फारम (प्रतिनिधि पत्र) सभा शुरू हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालय वा बैंकले सूचनामा तोकेको स्थानमा दर्ता गरी सक्नु पर्नेछ ।

(च) शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई दिइएको प्रोक्सी बदर हुनेछ ।

(छ) प्रोक्सी रद्द गर्न वा नियुक्त गरी सकेको प्रोक्सीलाई रद्द गरी अर्को मुकरर गर्न चाहेमा सो लिखित सूचना सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालय वा तोकिएको कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

(ज) प्रोक्सी (प्रतिनिधि) लाई प्रदान गरिएको अख्तियारी रद्द गरिएको लिखित सूचना सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालयमा प्राप्त नभएमा शेयरधनीको प्रोक्सी (प्रतिनिधि) ले मतदान गर्न पाउने छैन । तर सम्बन्धित शेयरधनी सभाको काम कारबाहीहरू शुरु हुनु अगावै सभामा स्वयं उपस्थित भएमा शेयरधनीबाट प्रोक्सी (प्रतिनिधि) लाई दिइएको प्रतिनिधि पत्र अमान्य हुनेछ ।

(झ) कुनै गुठी (ट्रष्ट), संस्था, कम्पनी वा नेपाल सरकार वा अन्य संगठित संस्थाले बैंकको शेयर लिएको अवस्थामा त्यस्ता शेयरधनीबाट मनोनित गरिएको प्रतिनिधिले शेयरधनीको हैसियतले मतदान गर्न सक्नेछ र त्यस्तो व्यक्तिलाई शेयरधनीको प्रोक्सी (प्रतिनिधि) ठानिने छैन ।

(ञ) नाबालक शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ तर संरक्षक आफैं सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरधनीको बाहेक अन्य शेयरधनीको प्रोक्सी (प्रतिनिधि) हुन र प्रोक्सी संकलन गर्न पाउने छैन ।

## ६. मतदाता नामावलीको प्रकाशन, दाबी विरोध र निर्णय :

(क) निर्वाचन अधिकृतले कम्पनी सचिव मार्फत प्राप्त मतदाता (शेयरधनी महानुभावहरूको) नामावली अनुसूची-२ बमोजिमको ढाँचामा टाँस गर्नेछ । यसरी सूचना टाँस/प्रकाशित भएपछि इच्छुक कुनै पनि शेयरधनीले मतदाता नामावलीको विद्युतीय प्रति तोकिएको दस्तुर तिरी लिन सक्नेछ । यस सूचीमा नाम समाविष्ट मतदाताहरूलाई मात्र उम्मेदवार हुने, प्रस्तावक वा समर्थक हुने र मतदानमा भाग लिने अधिकार हुनेछ ।

(ख) सदस्य नै नभएको शेयरधनी मतदाता भयो वा समाविष्ट गरियो भन्ने आधारमा निर्वाचन कार्यक्रममा तोकिएको समय भित्र कुनै पनि सदस्यले निर्वाचन अधिकृत समक्ष दाबी विरोध गर्न सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिम परेको दाबी विरोधमा निर्वाचन अधिकृतले उपयुक्त सम्झेको कार्यविधि अपनाई जाँचबुझ गरी गरेको निर्णय अन्तिम हुनेछ ।

### ७. मतदाता नामावली हेर्न र सार्न दिने :

मतदाताले अनुसूची-२ बमोजिम प्रकाशित मतदाता नामावली हेर्न र सार्न चाहेमा विगार्न, केरमेट गर्न नपाउने गरी हेर्न र सार्न दिनु पर्छ । बैंकको तर्फबाट मतदाता नामावली उपलब्ध गराउँदा रू.१,०००/- शुल्क लिई उपलब्ध गराउनेछ ।

### ८. उम्मेदवारको योग्यता :

(क) बैंकले शेयरबापत माग गरेको रकम चुक्ता गरेको र आफ्नो नाममा बैंकको नियमावली बमोजिम शेयर लिएको शेयरधनी मात्र सञ्चालक पदको लागि आफ्नो समूहबाट मात्र उम्मेदवार हुन पाउने छन् । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ख) प्रचलित ऐन, कानून, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन/परिपत्र तथा बैंकको नियमावली बमोजिमको योग्यता पुगेको बैंकको शेयरधनी मात्र सञ्चालकको उम्मेदवार हुन योग्य हुनेछन् ।

### ९. उम्मेदवारको दरखास्त :

(क) बैंकको नियमावलीको नियम ३०(१)(ख) अनुरूपको पदको लागि बैंकको प्रत्येक शेयरधनी महानुभावहरू आफ्नो समूहबाट मात्र उम्मेदवार हुन पाउने छन् । उम्मेदवारीको दरखास्त अनुसूची-३ को ढाँचामा हुनु पर्नेछ ।

(ख) उम्मेदवारीका लागि सदस्य आफ्नै समूहको सदस्य मध्येबाट एक एक जना प्रस्तावक र समर्थक आवश्यक पर्नेछ । एक जनाले निर्वाचन हुने पद एउटामा मात्र प्रस्तावक वा समर्थक बन्न पाउनेछ । निर्वाचन अधिकृतले उम्मेदवारीको दरखास्तको दर्ता किताब खडा गर्नु पर्नेछ । यसमा दरखास्तको दर्ता नम्बर, उम्मेदवारको नाम, प्रस्तावकको नाम र समर्थकको नाम समेत खुलाउनु पर्नेछ । यो दर्ता किताब हेर्न चाहने जुनसुकै शेयरधनी महानुभावलाई पनि हेर्न दिनु पर्नेछ । एक भन्दा बढी पदका लागी प्रस्तावक वा समर्थक भएमा पछिल्लो उम्मेदवारको दरखास्त बदर हुनेछ ।

### १०. उम्मेदवारको दरखास्त रद्द हुने :

देहायको रीत नपुगेको उम्मेदवारको दरखास्त रद्द हुनेछ :

(क) उम्मेदवारले माग गरेको शेयर रकम चुक्ता नगरेको भएमा ।

(ख) प्रस्तावक र समर्थकले माग गरेको शेयर रकम चुक्ता नगरेको भएमा ।

(ग) प्रस्तावक र समर्थक शेयरवाला नभएमा ।

(घ) प्रस्तावक र समर्थक नभएमा ।

(ङ) आफ्नै नाममा शेयर नभएमा ।

(च) यस निर्देशिका अनुसार सञ्चालक पदमा उम्मेवार हुन नपाउने भनी गरिएको दाबी विरोध प्रमाणित भएमा ।

**११. उम्मेदवारको नामावली प्रकाशन :**

तोकिएको समय भित्र दर्ता भएका उम्मेदवारको दरखास्तको जाँचबुझ गरी अनुसूची-४ को ढाँचामा उम्मेदवारको प्रथम नामावली प्रकाशन गरिनेछ ।

**१२. उम्मेदवारको दरखास्त उपर दाबी विरोध :**

(क) नियम ११ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीमा समावेश भएका उम्मेदवारको योग्यता तथा रीत नपुगेको दरखास्तको सम्बन्धमा उम्मेदवार वा शेयरधनीले अनुसूची-५ को ढाँचामा दाबी विरोध गर्न सक्ने छन् ।

(ख) खण्ड 'क' बमोजिम दाबी विरोध परेमा सम्बन्धित उम्मेदवारलाई सफाईको मौका दिई छानबिन गरी निर्वाचन अधिकृतले निर्णय दिनेछ । निजको निर्णय अन्तिम मानिनेछ ।

**१३. नाम फिर्ता लिने :**

(क) उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा तोकिएको अवधि भित्र आफ्नो नाम फिर्ता लिन दरखास्त दिनु पर्नेछ ।

(ख) उम्मेदवार स्वयं उपस्थित भई वा प्रतिनिधिद्वारा आफ्नो नाम फिर्ता लिन चाहेमा अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र निर्वाचन अधिकृतले निजको नाम उम्मेदवारको सूचीबाट कट्टा गरी दिनु पर्छ ।

(ग) अध्यक्षले अनुमति दिएमा खण्ड 'क' मा उल्लेखित अवधि पछि पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

**१४.उम्मेदवारको अन्तिम नामावली प्रकाशित :**

नियम १२ र १३ को प्रकृया समाप्त भएपछि प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारको अन्तिम नामावली अनुसूची -७ को ढाँचामा बैंकको रजिष्टर्ड कार्यालयमा प्रकाशित गरिनेछ ।

**१५. निर्विरोध घोषित गर्ने :**

उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्या भन्दा बढी नभएमा र यसै निर्देशिकाको नियम १४ को प्रकृया पुरा भए पछि उम्मेदवार सञ्चालकमा निर्विरोध निर्वाचित भएको भनी निर्वाचन अधिकृतले घोषणा गर्नेछ ।

**१६. वारेस (प्रतिनिधि) राख्न पाउने :**

(क) उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, फिर्ता लिन र मतदान केन्द्रमा प्रतिनिधि राख्न चाहेमा अनुसूची -८ को ढाँचामा कुनै शेयरधनीलाई वारेस राख्न पाउनेछ ।

(ख) प्रत्येक उम्मेदवारले मतदान केन्द्र (मतगणना हुने स्थान) मा आफैं नबस्ने भएमा मात्र १ जना सम्म वारेस राख्न पाउनेछ ।

**१७. मतदान केन्द्र र मतदान :**

(क) सञ्चालकको निर्वाचनका लागि निर्वाचन अधिकृतले तोकेको स्थानमा एक मतदान केन्द्र रहनेछ ।

(ख) निर्वाचन कार्यक्रममा प्रकाशित स्थान, मिति र समय भित्र मतदान क्षेत्रमा प्रवेश गरी लाम लाग्ने मतदातालाई मतदान गर्न दिइनेछ ।

(ग) मतदाता नामावलीमा टाईपको भुलबाट हुन गएका सानातिना गल्तीका कारणबाट मताधिकारबाट बञ्चित गरिने छैन ।

(घ) परिचयका विषयमा विवाद परेमा शेयर प्रमाणपत्र र नागरिकताको प्रमाणपत्र मतदाताले निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(ङ) मतदातालाई एउटा मतपत्र दिइनेछ । मतपत्र बिग्रियो भन्ने समेतका कुनै आधारमा सट्टा मतपत्र दिइने छैन । तर मतपत्रमा निर्वाचन अधिकृतको सही र बैंकको छाप नपरेको मतदाताले ध्यानाकर्षण गराएमा मतदान अधिकृतले मतपत्र फिर्ता लिई अर्को मतपत्र दिनेछ ।

**१८.मतपत्र :**

मतपत्रको ढाँचा निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।

**१९.मतदान :**

(क) शेयरधनीको मताधिकार निजले लिएको एक शेयर बराबर एक मत हुने गरी शेयरको संख्या बमोजिम हुनेछ । तर सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचन हुने तीन जना सञ्चालकको निर्वाचनमा मात्र मतदान गर्न पाउनेछ ।

(ख) मतदाताले मतदान गर्न पाउने मतहरू एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई विभाजन हुने गरी मतदान गर्न पाउनेछ ।

(ग) मतदाताको नामावली रूजु गरी मतदाताको सही गराई जम्मा दिनुपर्ने जति मतपत्र मतदातालाई दिइनेछ ।

(घ) एकपटकमा एकजना मतदातालाई मात्र मतदान गर्ने कोठामा प्रवेश गर्न दिइनेछ । मतदान गोप्य गरिनेछ ।

(ङ) मतदान समय भित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरूलाई जतिसुकै समय लागे पनि मतदान गर्न दिइनेछ ।

(च) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारेसले नगद रू.१००/- धरौटी राखी निर्वाचन अधिकृत समक्ष विरोध गर्न पाउनेछ ।

(छ) यस्तो विरोध परेमा निर्वाचन अधिकृतले तुरून्त निर्णय दिनेछ ।

(ज) पर्न आएको विरोध सत्य ठहरे धरौटी रकम फिर्ता गरिनेछ अन्यथा जफत हुनेछ ।

**२०.प्रवेश निषेध :**

(क) मतदान केन्द्रमा उम्मेदवार, वारेस, सम्बन्धित कर्मचारी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश दिइने छैन ।

(ख) शारीरिक रूपले असमर्थ मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**२१. मतदान स्थगित गर्ने :**

(क) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(ख) कुनै कारण परी निर्वाचन कार्य स्थगित गराउनु वाञ्छनीय लागेमा अध्यक्षको आदेशद्वारा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(ग) काबु बाहिरको परिस्थिति पर्न गई निर्वाचन अधिकृतलाई मतदान स्थगित गराउनु आवश्यक लागेमा अध्यक्षको आदेशद्वारा निर्धारित निर्वाचन कार्यक्रम स्थगित गराउन सकिनेछ ।

(घ) परिस्थितिवस निर्वाचन कार्य निर्धारित समय भन्दा केही समयपछि प्रारम्भ गर्न परेमा अध्यक्षको आदेशबाट निर्वाचन अधिकृतले समय सार्न सक्नेछ ।

**२२. मतपेटिका :**

(क) निर्वाचनमा प्रयोग गरिने खाली मतपेटिका उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिहरूलाई देखाई निजहरूको रोहवरमा मतपत्र छिराउने प्वाल मात्र खुल्ला राखी लाहा छाप वा सिल लगाई मतदान हुने स्थानमा राखिनेछ ।

(ख) मतदान सकिए पछि निर्वाचन अधिकृतले मतपेटिकाको मतपत्र सिल लगाई मत गन्ती गर्ने स्थानमा लग्नुपर्छ ।

(ग) मतपेटिका साथ उम्मेदवार वा वारेस आउन चाहेमा आउन दिनुपर्छ ।

**२३. मतदान सकिए पछि सिलबन्दी गर्ने :**

मतदान सकिएपछि बाँकी रहेको मतपत्र र प्रयोग भएको मतदाता नामावली खाममा बन्द गरी निर्वाचन अधिकृतले लाहाछाप लगाउनु पर्छ र वितरित मतपत्रको संख्या समेत खाम बाहिर खुलाउनु पर्छ ।

**२४.मतगणना :**

(क) तोकिएको ठाँउमा मतपेटिका पुर्‍याएपछि अनुसूची-९ बमोजिम मुचुल्का खडा गरी निर्वाचन अधिकृतले यथासम्भव छिटो मतगणना शुरू गर्नुपर्छ ।

(ख) मतगणना कोठामा निर्वाचन अधिकृत, निजले तोकिएको कर्मचारी, उम्मेदवार वा निजको वारेस बाहेक अन्यलाई प्रवेश निषेध गरिनेछ ।

(ग) मतगणना सम्बन्धी कार्यमा उठाइएको मुचुल्काहरूमा उम्मेदवार वा वारेसको सही हुन नसकेमा कारण खुलाई निर्वाचन अधिकृतको सही भएपनि पुग्नेछ ।

(घ) मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतमेटिका उम्मेदवार वा वारेसलाई देखाई बन्द गर्नुपर्छ ।

(ङ) प्रत्येक उम्मेदवारले पाएको सदर मतको गणना अभिलेख प्रयोजनको लागि टिप्नु पर्नेछ ।

(च) सामान्यतयाः मतगणना कार्य शुरू गरेपछि समाप्त नभएसम्म जारी राख्नु पर्छ, उक्त कार्यमा बाधा बिरोध पुर्‍याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मत गणना कक्षवाट बाहिर निकाल्न सक्नेछ ।

**२५. निम्न लिखित मतपत्रहरू बदर हुनेछन् :**

मतगणना गर्दा देहाएका मतपत्रहरू बदर भएको मानिने छ र त्यस्ता मतपत्रहरूलाई छुट्टै राखिनेछ ।

(क) निर्वाचन अधिकृतको सही नभएको ।

(ख) मतपत्र च्यातिएमा, प्वाल परेमा र केरमेट र फोहोर मैला भएमा ।

(ग) मतपत्र गणना नगर्ने भनी निर्वाचन अधिकृतलाई फिर्ता दिइएको मतपत्र ।

(घ) मतपत्र जाली भएमा ।

(ङ) उपयुक्त स्थानमा मत चिन्ह नलागेको वा मताङ्क स्पष्ट नभएको ।

(च) मतपत्रमा अन्य कुनै संकेत गरिएको भएमा ।

(छ) मतपेटिका बाहिर खसेको मत ।

**२६. मत बराबर भएमा गोला हाली निर्णय गर्ने :**

(क) उम्मेदवारले मत बराबर पाई निर्वाचित हुन नसक्ने स्थिति भएमा गोला हाली निर्णय गर्नुपर्छ ।

(ख) गोलाबाट निर्णय भएमा बहुमतद्वारा निर्वाचित भए सरह मानिनेछ ।

(ग) मतगणनाको कार्य सकिएपछि अनुसूची-१० बमोजिम तोकिएको ढाँचामा खसेको मतपत्र र प्रत्येक उम्मेदवारले पाएको सदर मत, बदर मत समेत उल्लेख गरी उम्मेदवार र वारेसको सही गराई विवरण तयार गर्नु पर्छ । यदि सही हुन नसकेमा निर्वाचन अधिकृतको मात्र सही भएपनि पुग्नेछ ।

**२७. निर्वाचन परिणामको घोषणा :**

(क) यसै निर्देशिकाको नियम २४ बमोजिम मतगणना कार्य सम्पन्न भएपछि वा नियम २६ बमोजिम गोलाप्रथाबाट निर्वाचन भए पछि उक्त निर्वाचनको परिणाम अनुसूची-११ को ढाँचामा विजयी उम्मेदवारको नाम निर्वाचन अधिकृतले घोषणा गर्नु पर्छ ।

(ख) विजयी उम्मेदवारहरूलाई निर्वाचन अधिकृतबाट प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

**२८. निर्वाचन सम्बन्धी कागजात :**

मतगणना सम्पन्न भएपछि निर्वाचन सिलसिलामा प्रयोगमा आएका सबै कागजपत्रहरू खामबन्दी गरी निर्वाचन अधिकृतले लाहाछाप लगाई अभिलेख प्रयोजनको लागि तत्कालै कम्पनी सचिवलाई बुझाउने छ । उक्त कागजात ६ महिनासम्म सुरक्षित ढंगले राख्नु पर्नेछ ।

**२९. निर्देशिकाको व्याख्या गर्ने अधिकार :**

यस निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार समितिको अध्यक्षलाई हुनेछ ।

**३०. निर्देशिकाको संशोधन :**

यस निर्देशिकाको संशोधन गर्ने, थपघट गर्ने अधिकार सञ्चालक समितिलाई मात्र हुनेछ ।

**३१. निष्कृय हुने :**

यस निर्देशिकामा उल्लेख भएका कुराहरू ऐन, बैंकको प्रवन्धपत्र र नियमावली, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन/परिपत्र र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

यस निर्देशिकामा उल्लेख नभएका कुराहरूको हकमा सोही ऐन तथा बैंकको प्रवन्धपत्र र नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

**३२. निर्वाचन अधिकृतको अधिकार :**

बैंकको प्रवन्धपत्र, नियमावली र यस निर्देशिकामा उल्लेख नभएको विषयमा निर्वाचनसँग सम्बन्धित सम्पूर्ण कुराहरूको अन्तिम निर्णय गर्ने अधिकार निर्वाचन अधिकृतलाई हुनेछ ।

**३३. कर्मचारी नियुक्ति गर्ने अधिकार :**

सञ्चालक समितिको सामान्य अधिनमा रही निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न गर्न मतदान अधिकृत सहित आवश्यक कर्मचारी राख्न सक्नेछ ।

**३४.सम्पर्क :**

निर्वाचन अधिकृतले सञ्चालक समितिसँग सम्पर्क राख्दा कम्पनी सचिव मार्फत राख्नु पर्नेछ ।

अनुसूची १ (निर्देशन नं ४ सँग सम्बन्धित)

<u>निर्वाचन कार्यक्रमको सूचना</u>

नेपाल बैंक लिमिटेडको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचन प्रयोजनको लागि निम्न लिखित बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ :

| क्र.सं. | कार्यक्रम | मिति देखि | सम्म | समय देखि | सम्म | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | | | | | | |
| २. | मतदाता नामावली उपर दाबी विरोध | | | | | | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | | | | | | |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | | | | |
| ५. | मनोनयनको पत्र दर्ता भएका उम्मेदवारहरूको सूची प्रकाशित गर्ने | | | | | | |
| ६. | उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने | | | | | | |
| ७. | मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | | | | | | |
| ८. | उम्मेदवारको नामावली प्रकाशित गर्ने | | | | | | |
| ९. | उम्मेदवारको आफ्नो नाम फिर्ता लिने | | | | | | |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | | | | | | |
| ११. | मतदान गर्ने | | | | | | |
| १२. | मतगणना गर्ने | | | | | | |
| १३. | निर्वाचन परिणाम घोषणा | | | | | | |

मिति : सही :

निर्वाचन अधिकृत :

अनुसूची २ (निर्देशन नं ६ सँग सम्बन्धित)

## मतदाता नामावली

| क्र.सं. | नाम, थर, वतन | शे.सं. | शेयरधनी/हितग्राही खाता(डिम्याट) नं. | बाबुको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

इच्छुक कुनै पनि शेयरधनीले मतदाता नामावलीको विद्युतीय प्रति तोकिएको दस्तुर तिरी लिन सक्नेछ।

मिति :

सही :

निर्वाचन अधिकृत :

अनुसूची ३ (निर्देशन नं ९ सँग सम्बन्धित)

## उम्मेदवारको मनोनयन पत्र

श्री निर्वाचन अधिकृतज्यू ,
निर्वाचन अधिकृतको कार्यालय
नेपाल बैंक लिमिटेड

महोदय,

यस नेपाल बैंक लिमिटेडको मिति .......... गते हुने विशेष/वार्षिक साधारण सभामा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचनमा म प्रचलित ऐन, कानून तथा निर्देशन नं. ८ मा उल्लेखित व्यवस्था बमोजिम म उम्मेदवार हुन योग्य रहेकोले पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र र कर्जा सूचना केन्द्रले प्रकाशित गरेको कालोसूचीमा समावेश नरहेको प्रमाण सहित यो मनोनयन पत्र दाखिल गरेको छु। मेरो योग्यताको स्वघोषणा गलत प्रमाणित भएको पाइएमा प्रचलित कानून बमोजिम सजाय भोग्न समेत तयार छु। मेरो प्रस्तावक र समर्थक निम्न अनुसार छन्।

१. नाम, थर उमेर लिङ्ग

ठेगाना

(प्रचलित कानून बमोजिम संस्थापित निकायले उमेदवारी दिँदा त्यस्तो निकायको सम्बन्धमा निर्णय गर्ने अन्तिम अधिकारीबाट निर्णय भएको, कालोसूचीमा नरहेको तथा सम्बन्धित कानून बमोजिम अद्यावधिक रहेको प्रमाण समेत मनोनयनपत्रका साथ पेश गर्नुपर्नेछ ।)

२. पिता/पतिको नाम र थर/निकाय दर्ता नं. तथा स्थायी लेखा नं.

३. मतदाता नामावलीमा क्र.सं. दस्तखत

४. शेयर प्रमाणपत्र नं.

५. शेयरधनी परिचय (हितग्राही खाता) नं

**(प्रस्तावकले भर्ने)**

श्री ....................................................... लाई ....... सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको उम्मेदवारको लागी म प्रस्ताव गर्दछु।

१. नाम, थर उमेर लिङ्ग

२. पिता/पतिको नाम, थर

३. मतदाता नामावलीमा क्र.सं.

४. शेयर प्रमाणपत्र नं.

५. शेयरधनी परिचय (हितग्राही खाता) नं

मिति : प्रस्तावकको दस्तखत

**(समर्थकले भर्ने)**

प्रस्तावक श्री.......................................ले माथी उल्लेख गरे बमोजिम सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि श्री....................................लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु।

१. नाम, थर ठेगाना

२. मतदाता नामावलीमा क्र.सं.

४. शेयर प्रमाणपत्र नं.

५. शेयरधनी परिचय (हितग्राही खाता) नं

मिति : समर्थकको दस्तखत

निर्वाचन अधिकृतले भर्ने

यो मनोनयन पत्र मिति ......................... को दिनको ...... बजे मनोनित उम्मेदवार/मनोनित उम्मेदवारको वारेस श्री ................................................ ले मेरा समक्ष दाखिल गरेको हो ।

मिति :

....................
(निर्वाचन अधिकृत)

अनुसूची ४ (निर्देशन नं ११ सँग सम्बन्धित)

उम्मेदवारको नामावली

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदमा उम्मेदवार भएकाहरू मध्ये देहायका व्यक्तिहरू उम्मेदवारी रहने गरी प्रथम नामावली प्रकाशित गरिएको छ ।

| क्र.सं. | नाम, थर | पिता वा पतिको नाम | ठेगाना | उमेर/ लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मिति :

सही :

निर्वाचन अधिकृत :

अनुसूची ५ (निर्देशन नं १२ सँग सम्बन्धित)

<u>उम्मेदवारको दरखास्त उपरको दाबी विरोध</u>

श्री निर्वाचन अधिकृतज्यू ,

निर्वाचन अधिकृतको कार्यालय

महोदय,

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुनको लागि दर्ता नं. ......... निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले उम्मेदवारी खारेज गरी पाउन अनुरोध गर्दछु ।

**<u>उजुरीको कारण</u>**

मिति :

समय :

सही :

नाम :

ठेगाना :

उम्मेदवार/उम्मेदवारको वारेस/शेयरधनी :

शेयरधनी (हितग्राही खाता) नं. :

**(निर्वाचन अधिकृतले भर्ने)**

यो उजुरी मिति................का दिन ........बजे उम्मेदवार/उम्मेदवारको वारेस/शेयरधनी श्री .............................ले मेरा समक्ष दाखिल गरेको हो ।

सही :

निर्वाचन अधिकृत :

अनुसूची ६ (निर्देशन नं १३ सँग सम्बन्धित)

नाम फिर्ता लिएको सूचना

श्री निर्वाचन अधिकृतज्यू ,
निर्वाचन अधिकृतको कार्यालय

महोदय,

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको उम्मेदवार हुन मैले मनोनयन पत्र दाखिल गरेकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजीखुशीले उम्मेदवारीबाट हट्न यो निवेदन पेश गरेको छु ।

मिति सही :

नाम :

ठेगाना :

**(निर्वाचन अधिकृतले भर्ने)**

यो सूचना मिति.................... को दिनको.........बजे म समक्ष दाखिल भएको हो ।

सही :

निर्वाचन अधिकृत :

**निर्णय :**

माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोरामा सत्यता भएको/नभएकोले श्री........................... को नाम उम्मेदवारबाट हटाउने/नहटाउने निर्णय गरें ।

मिति : सही :

समय : निर्वाचन अधिकृत :

अनुसूची ७ (निर्देशन नं १४ सँग सम्बन्धित)

## उम्मेदवारको अन्तिम नामावली

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदका उम्मेदवार भएकाहरू मध्ये देहायका व्यक्तिहरूको उम्मेदवारी रहने गरी अन्तिम नामावली प्रकाशित गरिएको छ।

| क्र.सं. | नाम, थर | पिता वा पतिको नाम | ठेगाना | उमेर/ लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मिति :

सही :

निर्वाचन अधिकृत :

अनुसूची ८ (निर्देशन नं १६ सँग सम्बन्धित)

## वारेसनामा

श्री निर्वाचन अधिकृतज्यू ,

निर्वाचन अधिकृतको कार्यालय

महोदय,

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्न/उम्मेदवारी फिर्ता लिन/मतदान/मतगणना प्रतिनिधिको रूपमा श्री................................लाई वारेस मुकरर गरेको छु। निजले गरेको काममा मेरो मन्जुरी छ।

सही :

नाम थर :

ठेगाना :

उपरोक्त बमोजिम वारेस वस्न मेरो मन्जुरी छ।

सही :

नाम, थर :

ठेगाना :

उपरोक्त वमोजिमको वारेसनामा मेरो समक्ष दाखिल भएको हो।

मिति :

सही :

निर्वाचन अधिकृत :

अनुसूची ९ (निर्देशन नं २४ सँग सम्बन्धित)

<u>मतगणना शुरू भएको मुचुल्का</u>

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा प्रयोग भएका मत पेटिकाहरू प्राप्त भइसकेकाले मतगणना आज मिति...................का दिनको .........बजे हामी तपसिलका मानिसहरूका रोहवरमा मतगणना शुरू भएको ठिक साँचो हो ।

**तपसिल**

१. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

२. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

३. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

४. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

५. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

मिति : सही :

समय : निर्वाचन अधिकृत :

स्थान :

अनुसूची १० (निर्देशन नं २६ सँग सम्बन्धित)

मतगणना समाप्त भएको मुचुल्का

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको मत गणना मिति.....................देखि शुरू भै आज मिति..................दिनको.............बजे समाप्त भएको ठिक साँचो हो । सो मत गणना भए अनुसार मतदान भएको जम्मा मत...............मध्ये उम्मेदवारहरूले निम्न लिखित बमोजिम सदर मत पाएको ठिक साँचो हो ।

| क्र.सं. | उम्मेदवारको नाम थर | वतन | प्राप्त सदर मत संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |

१. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

२.

३.

४.

मिति :

समय : सही :

स्थान : निर्वाचन अधिकृत

अनुसूची ११ (निर्देशन नं २७ सँग सम्बन्धित)

## निर्वाचन परिणामको घोषणा

नेपाल बैंक लिमिटेडको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवारहरूले देहायको मत प्राप्त गर्नुभएकोले यो निर्वाचन परिणाम प्रकाशित गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | वतन | प्राप्त सदर मत संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

उपरोक्त परिणाम अनुसार श्री....................................ले बढी मत प्राप्त गर्नुभएकोले सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु ।

मिति :　　　　　　　　　　समय :

सही :　　　　　　　　　　निर्वाचन अधिकृत :

स्थान :